राष्ट्रको सञ्चार

नेपाल टेलिकम

# Telecom Newsletter

नेपाल दूरसञ्चार कं.लि., भद्रकालीप्लाजा, काठमाडौं



Monthly Publication

**Volume 21, Issue 5 No. 141 Nepal Telecom (Nepal Doorsanchar Co.Ltd.) Baishakh 2079 (April-may 2022)**

## नवनियुक्त प्रबन्ध निर्देशक पौडेलद्वारा पदभार ग्रहण




नेपाल टेलिकमको प्रबन्ध निर्देशकमा सुनिल पौडेल नियुक्त हुनुभएको छ। नवनियुक्त प्रबन्ध निर्देशक पौडेलले गत २०७८ चैत २५ गते कम्पनीको केन्द्रीय कार्यालयमा पदभार ग्रहण गर्नुभएको छ। उहाँलाई नेपाल सरकार मन्त्रिपरिषदको २०७८ चैत २४ गतेको निर्णय बमोजिम ४ वर्षका लागि प्रबन्ध निर्देशक पदमा नियुक्त गरिएको हो ।

पदभार ग्रहण गर्दै नवनियुक्त प्रबन्ध निर्देशक पौडेलले आफ्नो व्यावसायिक कार्य योजनाको मूल्यांकनको आधारमा नेपाल टेलिकमको प्रबन्ध निर्देशकको गहन जिम्मेवारी बहन गर्ने अवसर दिएकोमा नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयप्रति आभार प्रकट गर्नुभयो ।

सो अवसरमा उहाँले कार्यालय प्रयोजनका सबै काम कारवाहीलाई सूचना प्रविधिसँग जोडेर स्वचालित रुपमा तत्काल कार्यान्वयनमा लैजाने संरचनामा ढाली कम्पनीका सबै सेवाहरुलाई आम जनताको सहज र सुलभ पहुँचमा पुऱ्याउनका लागि कम्पनीसँग सम्बन्धित सबै पक्ष प्रतिबद्ध हुनुपर्ने बताउनु भयो । उहाँले कम्पनीको सेवा प्रवाह, गुणस्तर र राजस्व वृद्धिमा देखिएको चुनौतीलाई सामना गर्दै अगाडि बढ्न र कम्पनीलाई मुलुककै अझ विश्वसनीय धरोहरका रुपमा स्थापित गर्न आफू प्रयासरत रहने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

पदभार ग्रहण गर्दै उहाँले नेपाल सरकारको सूचना प्रविधिमार्फत राष्ट्रलाई सम्वृद्ध बनाउने र मुलुकभरका आम जनतालाई अत्याधुनिक दूरसञ्चार सेवाको सहज पहुँचमा पुऱ्याउने अन्तर्निहित उद्देश्यसँगै राष्ट्र र जनताप्रतिको अहं दायित्वबोधका साथ कम्पनीलाई नम्बर १ संस्थाका रुपमा कायम राख्न लागिपर्ने प्रतिबद्धता पनि व्यक्त गर्नुभयो ।

*(बाँकी २ पेजमा)*

## कम्पनीको चौधौं वार्षिक साधारणसभा सम्पन्न




नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको चौधौं वार्षिक साधारणसभा गत २०७८ चैत २४ गते सम्पन्न भएको छ। साधारणसभाले आर्थिक वर्ष २०७७/७८ को मुनाफा रकम मध्येबाट कम्पनीका शेयरधनीहरुलाई प्रत्येक १०० कित्ता शेयर बराबर २० कित्ताको अनुपातमा बोनस शेयर र प्रति शेयर रु. २० का दरले नगद लाभांश वितरण गरी कम्पनीको जारी तथा चुक्ता पुँजी १८ अर्ब पुऱ्याउने प्रस्ताव पारित गरेको छ।

साधारणसभामा करिब ९२ प्रतिशत शेयरधनीहरुको उपस्थिति रहेको थियो । उक्त सभाले आर्थिक वर्ष २०७७/७८ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदनसहित आर्थिक वर्ष २०७७/७८ को वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा अन्य अनुसूचीहरु उपर छलफल गरी पारित गरेको छ।

यसैगरी साधारणसभाले महालेखा परीक्षकको कार्यालयको परामर्श तथा कम्पनीको लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व. २०७८/७९ को लागि कम्पनीको लेखा परीक्षण गर्न चार्टर्ड एकाउण्टेण्ट महेश गुरागाईं र चार्टर्ड एकाउण्टेण्ट पीयूष आनन्दलाई लेखापरीक्षक नियुक्त गर्नुका साथै निजहरुको पारिश्रमिक तथा नियुक्तिका अन्य शर्तहरु निर्धारण गरेको छ ।

सो अवसरमा कम्पनी सञ्चालक समितिका अध्यक्ष एवं सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव बैकुण्ठ अर्यालले साधारणसभामा उपस्थित शेयरधनीहरुलाई स्वागत गर्दै कम्पनीको चौधौं वार्षिक प्रतिवेदन पेश गर्नुभएको थियो । प्रतिवेदन प्रस्तुत गर्दै उहाँले शेयरधनी महानुभावहरूको अटुट विश्वास, उपभोक्ताको भरोसा एवं सद्भाव, कम्पनीमा कार्यरत कर्मचारीहरूको अथक परिश्रम र अन्य सरोकारवालाहरूको सहयोगका कारण देशकै अग्रणी दूरसञ्चार सेवा प्रदायकको रूपमा कम्पनी स्थापित भएको बताउनु भयो ।

उहाँले उपभोक्ताको अपेक्षा अनुरूप सुलभ, अत्याधुनिक र गुणस्तरीय दूरसञ्चार सेवा उपलब्ध गराई कम्पनीलाई सबल, अग्रणी संस्थाको रूपमा विकास गर्न सबैबाट प्राप्त सहयोग, सद्भाव, विश्वास र रचनात्मक सुझावका लागि हार्दिक आभार प्रकट गर्नुभयो । कोभिड-१९ को प्रतिकूल अवस्थामा पनि कम्पनीले आफ्नो सेवालाई कुशलताका साथ प्रवाह गर्दै आएको, महामारीकै कारण कोही पनि सेवाबाट वञ्चित हुनु नपरोस् भन्ने उद्देश्यले ग्राहकलाई थप सहुलियत प्रदान गर्ने गरी विद्यमान महशुलमा छुट दिनुका साथै जरिवाना समेत मिनाहा गरेको र विश्वमा विकास भएको नवीनतम र आधुनिक दूरसञ्चार प्रविधिको प्रयोग गरी आफ्नो सेवालाई थप गुणस्तरीय बनाउन कम्पनी प्रतिबद्ध रहेको बताउनु भयो ।

आर्थिक वर्ष २०७७/७८ मा कम्पनीबाट गरिएका विभिन्न कार्यलाई राष्ट्र निर्माणमा योगदान, सामाजिक क्षेत्रमा योगदान, संस्थागत सुशासन तथा जोखिम व्यवस्थापन, व्यावसायिक सफलता, सेवा विस्तार तथा गुणस्तर सुधार, व्यावसायिक रणनीति र संस्थागत सुधार जस्ता विभिन्न शीर्षकमा विभाजन गरी उहाँले कम्पनीद्वारा सम्पादित कार्यहरुको विस्तृत रुपमा जानकारी प्रदान गर्नुभएको थियो ।

उहाँले कम्पनीको बारेमा थप जानकारी दिंदै भन्नुभयो, 'आर्थिक वर्ष २०७७/७८ मा कम्पनीले कर तथा गैर कर वापत आफ्नो कुल आयको ५०

*(बाँकी २ पेजमा)*

# कम्पनीको चौधौं वार्षिक ...

(१ पेजको बाँकी)

प्रतिशत भन्दा अधिक रकम अर्थात् रु.२७ अर्ब ७३ करोड राजस्व दाखिला गरेको छ । यस अवधिमा संस्थागततर्फ सबैभन्दा बढी आयकर दाखिला गर्ने कम्पनीको रूपमा नेपाल सरकारद्वारा सम्मानित भएको छ । इन्टरनेटको बहुउपयोगमार्फत सूचना प्रवाहलाई सजिलो र प्रभावकारी बनाउनुको साथै इन्टरनेट सेवाको विस्तारमा ध्यान केन्द्रित गरिएको छ । स्याटेलाइट प्रविधिको समेत प्रयोगद्वारा विकट हिमाली जिल्लाहरूमा वायरलेस तथा वायरलाइन सेवा उपलब्ध गराइएको छ । मुलुकभर अप्टिकल फाइबर विस्तार गर्नुका साथै बीटीएस तथा ट्रान्समिसन उपकरणहरू जडान गरी स्थानीय टेलिफोन सेवा, फोरजी एलटीई सेवा र एफटीटीएच सेवा विस्तार तथा वितरणमा तीव्रता दिइएको छ । नेपाल सरकारको सूचना महामार्ग निर्माणको लक्ष्यमा सहयोग पुऱ्याउन कम्पनीले ब्याकबोन नेटवर्क, मल्टिपल क्रसबोर्डर अप्टिकल फाइबर नेटवर्क र मध्यपहाडी लोकमार्गमा अप्टिकल फाइबर नेटवर्क विस्तार गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाएको छ । नेपाल सरकारको नीतिअनुरूप स्थानीय तहको केन्द्र, वडा कार्यालय, स्वास्थ्य संस्था, सामुदायिक माध्यमिक विद्यालय र सामुदायिक क्याम्पसमा इन्टरनेट सेवा विस्तार गर्ने कार्यलाई निरन्तरता दिनुका साथै स्थानीय तहहरूमा फोरजी सेवा विस्तार गरिएको छ ।'

कोभिड-१९ महामारीको समयमा कम्पनीले विद्युतीय कारोबारमा सहयोग गर्न महत्वपूर्ण भूमिका खेलेको र नेपाल सरकारले घोषणा गरेको बन्दाबन्दीका समयमा कम्पनीले सहुलियत दरमा विभिन्न प्याकेज उपलब्ध गराएको बताउँदै अध्यक्ष अर्यालले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत वातावरण, स्वास्थ्य, खेलकुद, शिक्षा लगायतका क्षेत्रहरूमा निरन्तर सहयोग उपलब्ध गराउँदै आएको उल्लेख गर्नुभयो ।

अध्यक्ष अर्यालले भन्नुभयो, 'यस आर्थिक वर्षमा कम्पनीको भ्वाइस सेवाको ग्राहक आधार ५.५७ प्रतिशतले वृद्धि भई २ करोड ११ लाख पुगेको छ । कम्पनीको राजस्वको प्रमुख स्रोतको रूपमा रहेको जीएसएम सेवाको ग्राहक आधार १४.२४ प्रतिशतले वृद्धि भएको छ । साथै, कम्पनीको डाटा सेवाको ग्राहक आधार ३५.३१ प्रतिशतले वृद्धि भई २ करोड ३ लाख ९७ हजार पुगेको छ । बजारको माग अनुसार कम्पनीले डाटा सेवामा जोड दिई सोही अनुरूप आफ्नो योजना कार्यान्वयन गर्दै सुविधा उपलब्ध गराउँदै आएको छ । यस आर्थिक वर्षमा कम्पनीले डाटा सेवाको बजार हिस्सामा उल्लेख्य वृद्धि गरेको छ । कम्पनीको ब्रोडब्याण्ड डाटा सेवाको बजार हिस्सा ५.१४ प्रतिशतले वृद्धि भई ५३.८२ प्रतिशत पुगेको छ । यसरी भ्वाइस र डाटा दुवै सेवामा यस कम्पनी नेपालको अग्रणी संस्थाको रूपमा स्थापित हुन सफल भएको व्यहोरा यहाँहरू समक्ष राख्न पाउँदा म गौरवान्वित भएको छु ।'



प्रविधिमा भएको विकास र परिवर्तनसँगै विश्वमै भ्वाइस सेवाको व्यापार क्रमशः डाटा तथा अन्य भ्यालु एडेड सेवामा रूपान्तरण हुने क्रममा रहेको, बढ्दो प्रतिस्पर्धाका कारण व्यापार प्रवर्द्धनको लागि प्रतिस्पर्धी मुल्यमा सेवा उपलब्ध गराउनुपर्ने बाध्यता विद्यमान रहेको अवस्थामा समेत कुल राजस्व र खुद नाफा क्रमशः रु. ४२ अर्ब २१ करोड र रु.७ अर्ब १३ करोड कायम गर्न कम्पनी सफल भएको उहाँले बताउनु भयो ।

प्रविधिको विकास, ग्राहकको आवश्यकता, आर्थिक-सामाजिक क्रियाकलापमा सूचना प्रविधिको अपरिहार्यता जस्ता पक्षहरूको विश्लेषण र मुल्याङ्कन गरी कम्पनीले आफ्नो सेवालाई समयसापेक्ष बनाई मुलुकभर ७७ जिल्लाका ७२० भन्दा बढी स्थानीय निकायमा 4G/LTE सेवा उपलब्ध गराइसकेको र बाँकी स्थानमा छिट्टै यो सेवा विस्तार गर्ने गरी काम भइरहेको उहाँले उल्लेख गर्नुभयो । सोलुखुम्बुको ३,१३० मिटर उचाइमा रहेका विकट ताक्सिन्दु एवं जुभु र ओखलढुङ्गाको विकट सेर्नाजस्ता अत्यन्त दुर्गम स्थानहरुमा मोबाइल सेवा आरम्भ गरिएको छ । सेवाको स्तरोन्नति गर्दै सेवा विस्तार तथा गुणस्तर वृद्धि गर्ने क्रममा आर्थिक वर्ष २०७७/७८ मा थप १,५६६ eNodeB जडान गरी सञ्चालनमा ल्याइएको तथा Preventive Maintenance, Network Optimization, Battery Backup थप गर्ने जस्ता कार्यहरूलाई निरन्तरता दिइएको उहाँले बताउनु भयो ।

उपभोक्ताको चाहना बमोजिम नवीनतम प्रविधिमा आधारित गुणस्तरीय तथा भरपर्दो सेवा उपलब्ध गराउनु कम्पनीको प्रमुख लक्ष्य रहेको र यसका लागि डाटा सेवा, भ्यालु एडेड सेवा लगायतका नवीनतम प्रविधिमा आधारित सेवाहरूको विकास तथा विस्तार गरिएको उहाँले बताउनु भयो । उपभोक्तालाई सरल, सहज र सुलभ दरमा विविध सेवाहरू उपलब्ध गराउन तथा कम्पनीको राजस्व वृद्धि गर्न छिट्टै वायरलेस प्रविधिको फोरजी एलटीई विस्तार कार्यलाई पूर्णता दिई फाइभजी सेवाको परीक्षण गर्ने गरी कार्य अगाडि बढाइएको बताउदै उहाँले भन्नुभयो, 'ताररहित र तारसहित सेवाको विस्तार, अन्तर्राष्ट्रिय रोमिङ सेवाको विस्तार एवं वितरित सेवाहरूको गुणस्तर सुधारलगायतका कार्यहरूलाई तीव्रता दिइएको छ । भ्वाइस सेवालाई डाटा सेवाले प्रतिस्थापन गर्दै लगेकाले डाटाको माग पूर्तिका लागि भ्यालु एडेड सेवा विस्तारलाई प्राथमिकतामा राखिएको छ । डिजिटल अर्थतन्त्रको विकास र विस्तार गर्न सहयोग गर्ने क्रममा राष्ट्रिय वाणिज्य बैंकसँगको सहकार्यमा मोबाइलमा आधारित वित्तीय सेवा उपलब्ध गराउन नेपाल टेलिकमको सहायक कम्पनीको रूपमा नेपाल डिजिटल पेमेन्टस् कम्पनी स्थापना भई सेवा शुरु भइसकेको छ । यस कम्पनीले इन्टरनेट सुविधा उपलब्ध नहुँदा समेत यूएसएसडी प्रविधिबाट डिजिटल भुक्तानी गर्नसक्ने मोबाइल एप्सको विकास गरी सञ्चालनमा ल्याएको छ । कम्पनीका सीडीएमए तथा वाईम्याक्स सेवातर्फका ग्राहकलाई फोरजी एलटीई सेवामा रूपान्तरण गर्ने कार्यलाई तीव्रता दिइएको छ । स्थानीय सेवातर्फ तामाको तारलाई फाइबर नेटवर्कले प्रतिस्थापन गर्ने कार्यलाई तीव्रताका साथ अगाडि बढाइएको छ ।'

अध्यक्ष अर्यालले चालु आर्थिक वर्ष २०७८/७९ मा कार्यान्वयन गरिने प्रमुख कार्यक्रम तथा आयोजनाको बारेमा समेत संक्षिप्तमा प्रकाश पार्नुभएको थियो ।

कम्पनीका अध्यक्ष अर्यालले साधारणसभामा शेयरधनी महानुभावहरुबाट उठाइएका प्रश्नहरुको जवाफ प्रस्तुत गर्दै प्राप्त सुझावहरुलाई नीतिगत र व्यावहारिक रुपले सम्भव भएसम्म कार्यान्वयन गरिने प्रतिबद्धता व्यक्त गर्दै सुझावहरुप्रति आभार व्यक्त गर्नुभएको थियो ।




(१ पेजको बाँकी)

## नवनियुक्त प्रबन्ध निर्देशक ...

पदवहाली कार्यक्रममा नेपाल टेलिकमका नायब प्रबन्ध निर्देशक, निर्देशक, प्रबन्धक, अन्य वरिष्ठ अधिकृत, कम्पनीमा क्रियाशील कर्मचारी युनियनका पदाधिकारी एवं कम्पनीका कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

प्रबन्ध निर्देशक पौडेल यसअघि नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय मातहतको राष्ट्रिय सूचना प्रविधि केन्द्रमा कार्यकारी निर्देशक पदमा कार्यरत हुनुहुन्थ्यो । उहाँले सो केन्द्रमा सन् २००४ देखि कार्यरत रही कम्प्युटर इन्जिनियर, सहायक निर्देशक तथा उपनिर्देशकको जिम्मेवारी बहन गरिसक्नु भएको छ ।

उहाँले सन् २००८ मा दक्षिण कोरियाको कोरिया एड्भान्स इन्स्टिच्युट अफ साइन्स एण्ड टेक्नोलोजी (काइस्ट) बाट सूचना प्रविधिमा स्नातकोत्तरको उपाधि हासिल गर्नुभएको थियो ।

# ज्येष्ठ नागरिकहरूलाई टेलिकमको थर्मल थेरापी मेशिन




शिक्षालयलाई शैक्षिक तथा भौतिक सामग्री, मठ/मन्दिर र सार्वजनिक स्थलमा सफाई सामग्रीदेखि चिडियाखानामा पशुपंक्षीलाई खाद्य सामग्री सहयोगस्वरुप उपलब्ध गराउँदै आएको नेपाल टेलिकमले ज्येष्ठ नागरिकहरुको स्वास्थ्य र तन्दुरुस्तिको लागि पनि महत्वपूर्ण सहयोग गरेको छ। वृद्ध र अशक्त अवस्थामा ज्येष्ठ नागरिकहरुको शारीरिक स्वास्थ्य र तन्दुरुस्तीका लागि निकै उपयोगी हुने सेराजेम थेरापी मेशिन (एक्युप्रेसर थर्मल मसाजर) कम्पनीले ज्येष्ठ नागरिकहरुलाई उपलब्ध गराएको हो।

गत चैत १२ गते एक समारोहका बीच काभ्रेको पनौती नगरपालिका १० खोपासीस्थित सहारा ज्येष्ठ नागरिक समाजलाई कम्पनीका तर्फबाट प्रमुख व्यावसायिक अधिकृत संगीता पहाडीले सेराजेम थेरापी मेशिन हस्तान्तरण गर्नुभयो। प्रमुख व्यावसायिक अधिकृत पहाडीले समाजका अध्यक्ष भरतप्रसाद शर्मालाई एक्युप्रेसर थर्मल मसाजर उपलब्ध गराउनु भएको हो।

सो अवसरमा पहाडीले सरकारको लगानी भएको राष्ट्रियताले ओतप्रोत नेपाल टेलिकमको तर्फबाट गरिएको सानो सहयोगले ज्येष्ठ नागरिकहरुको बुढ्यौली उमेरसँगै आउनसक्ने शारीरिक समस्यालाई समाधान गरी सहज जीवनयापन गर्न मद्दत पुग्ने विश्वास लिएको बताउनु भयो। उहाँले मेशिनमार्फत मेरुदण्डसहित मानव शरीरलाई आवश्यक ताप प्रदान गर्दै व्यायाम गराई शरीरमा रक्तसञ्चार राम्रो बनाउन सकिने भएकाले ज्येष्ठ नागरिकका लागि टेलिकमको उपहारका रुपमा ग्रहण गरिदिन आग्रह गर्नुभयो।

उहाँले टेलिकमले पछिल्लो समय फाइबर टु द होममार्फत एउटै लाइनबाट फोन, इन्टरनेट र टेलिभिजनसमेत हेर्न सम्भव भएको उल्लेख गर्दै आराम गरी बस्नुपर्ने समयमा टेलिभिजन सेवाबाट अधिकतम लाभ लिनका लागि ज्येष्ठ नागरिकहरुलाई अनुरोधसमेत गर्नुभयो।

कार्यक्रममा पनौती नगरपालिकाका मेयर भीम न्यौपानेले कम्पनीको सहयोगबाट ज्येष्ठ नागरिकहरु लाभान्वित हुने बताउनुभयो।

कम्पनी र समाजबीच सहजकर्ताको भूमिका निर्वाह गर्ने काभ्रे सेवा समाजका अध्यक्ष एवं टेलिकमका पूर्व नायब प्रबन्ध निर्देशक नारायणसिंह महतले टेलिकमले थर्मल मेशिन उपलब्ध गराएर ज्येष्ठ नागरिकहरुलाई स्वास्थ्य समस्या आउन नदिनका लागि मनकारी सहयोग गरेकोमा आभार व्यक्त गर्नुभएको थियो।

ज्येष्ठ नागरिक समाजका अध्यक्ष शर्माले नेपाल टेलिकमले व्यापार मात्रै नहेरी ज्येष्ठ नागरिकहरुको आवश्यकतालाई मनन गरेर अत्यन्त उपयोगी सहयोग गरेकोमा हार्दिक धन्यवाद व्यक्त गर्नुभयो। सो समाजमा हाल २ सय ६३ जना ज्येष्ठ नागरिकहरु आवद्ध रहेका छन्।

# कर्मचारी संगठनको वार्षिकोत्सव सम्पन्न

नेपाल दूरसञ्चार राष्ट्रिय कर्मचारी संगठन (NTEAN) को तेश्रो वार्षिकोत्सव सम्पन्न भएको छ। नेपाल टेलिकमको केन्द्रीय कार्यालय तथा विभिन्न क्षेत्रीय निर्देशनालयहरूमा एकसाथ गत चैत २८ गते विविध कार्यक्रमको आयोजना गरी वार्षिकोत्सव मनाइएको हो।

वार्षिकोत्सवका अवसरमा केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रममा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव एवं नेपाल टेलिकम सञ्चालक समितिका अध्यक्ष डा. बैकुण्ठ आर्यालले कम्पनीलाई प्रतिस्पर्धामा अब्बल सावित गर्नका लागि आम ग्राहकवर्गमा कम्पनीको विश्वसनीयता अझ बढाउनु पर्ने बताउनु भयो। उहाँले सेवाका गुणस्तर अझ राम्रो बनाउनु पर्ने र सेवाको निरन्तरताका लागि चुस्त योजना बनाई पूर्ण क्षमताका साथ काम गर्नुपर्ने उल्लेख गर्नुभयो।

कार्यक्रममा कम्पनीका प्रबन्ध निर्देशक सुनिल पौडेलले क्रियाशील ट्रेड युनियनहरुलाई कर्मचारी, संस्था र ग्राहकको हित संरक्षणका पहरेदारका रुपमा आफूले लिएको उल्लेख गर्दै उल्लेखित तीनै पक्षको भलाईका लागि खटिनुभएका सम्पूर्ण कर्मचारीको वृत्ति विकास र भलाईका लागि कुनै कसर बाँकी नराखिने बताउनुभयो। सो अवसरमा उहाँले डिजिटल नेपाल फ्रेमवर्क (Digital Nepal Framework), एफटीटीएच (FTTH), फोरजी (4G) तथा सूचना महामार्गका रुपमा अघि बढाइएको अप्टिकल फाइबर (Optical Fiber) बिछ्याउने योजना प्राथमिकताका साथ सम्पन्न गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो।

कार्यक्रममा युएनआई नेपालका अध्यक्ष शंकर लामिछाने र नेपाल दूरसञ्चार राष्ट्रिय कर्मचारी संगठनका सल्लाहकार लोक बहादुर कटुवालले वार्षिकोत्सवको अवसरमा संगठनलाई थप जिम्मेवार हुन सुझाव दिनुहुँदै कम्पनी र कर्मचारीको हितका लागि महत्वपूर्ण भूमिका निर्वाहका लागि शुभकामना दिनुभयो।

उक्त अवसरमा नेपाल टेलिकम कर्मचारी युनियन (NTEU) का कार्यवाहक अध्यक्ष वीरेन्द्रलाल जोशी, आयोजक संगठनका उपाध्यक्ष दामोदर केसी, नेपाल टेलिकम वर्कर्स युनियन (NTCWU) का महासचिव महेश्वर खड्का र संगठनका उपमहासचिव मणिकुमार पोखरेलले बदलिंदो परिस्थितिमा कम्पनीमा कार्यरत ट्रेड युनियनहरुले कम्पनीको र कर्मचारीको हितका लागि थप सचेत भएर प्रस्तुत हुनुपर्ने विचार राख्नुभएको थियो।

वार्षिकोत्सवको अवसरमा आयोजित विभिन्न प्रतियोगिताका विजयी कर्मचारीहरूलाई पदक र प्रमाण-पत्र सहित नगद पुरस्कारले सम्मानित गरिएको थियो भने ५२ जना रक्तदाताहरूलाई 'मायाको चिनो' प्रदान गरिएको थियो। त्यसैगरी गत वर्षको एसईई परीक्षामा उच्चतम अंक प्राप्त गर्ने तह १ देखि तह ३ सम्मका कर्मचारीका सन्ततिमध्ये ७ वटै प्रदेशमा प्रदेशगत रूपले एक/एक जनालाई छात्रवृत्ति (NTEAN Scholarship) प्रदान गरिएको थियो। एसईई परीक्षामा सर्वाधिक अंक प्राप्त गर्ने कम्पनीका कर्मचारीका सन्ततिलाई प्रदान गरिने एनटिन छात्रवृत्ति र आचार्य मनरुपा सुमन्तबहादुर स्मृति पुरस्कार केन्द्रीय कार्यालयमा कार्यरत अनिल अमात्यकी छोरी अप्लेसा अमात्यलाई प्रदान गरिएको थियो।

कार्यक्रमका सभापति तथा नेपाल दूरसञ्चार राष्ट्रिय कर्मचारी संगठनका अध्यक्ष यादव प्रसाद पनेरुले भ्वाइसमा, डाटामा र फोरजीका ग्राहक संख्यामा १ नम्बरमा रहेको नेपाल टेलिकमलाई अब राजस्वमा पनि १ नम्बर बनाएर लैजानका लागि सञ्चालक समिति, व्यवस्थापन र कर्मचारीहरु तत्परताका साथ अघि बढ्नुपर्ने उल्लेख गर्दै कर्मचारीको वृत्ति विकासका लागि गर्नुपर्ने कार्यका बारेमा चर्चा गर्नुभएको थियो।

## नयाँ वर्षको अवसरमा कम्पनीको अफर

नयाँ वर्ष २०७९ को अवसरमा नेपाल टेलिकमले नयाँ वर्ष अफर ल्याएको छ। विश्वभर रहेका नेपालीहरुले हर्षोल्लासका साथ पर्वका रुपमा मनाउने नयाँ वर्ष (New Year) को अवसरमा ग्राहकहरुका लागि नेपाल टेलिकमले अनलिमिटेड डाटा र भ्वाइससहितको नयाँ वर्ष अफर (New Year Offer) उपलब्ध गराएको हो। यो अफर २०७८ चैत २९ गतेदेखि २०७९ बैशाख ३ गतेसम्म उपलब्ध गराइएको थियो।

सो अफर अन्तर्गत २४ घण्टासम्म प्रयोग गर्न सकिने एक एमबीपीएस अनलिमिटेड डाटा र अन नेट अनलिमिटेड कुराकानी गर्न सकिने प्याक जम्मा रु. ४९ मा उपलब्ध थियो। यसैगरी ३ दिनसम्म प्रयोग गर्न सकिने ६ जीबी डाटा प्याक जम्मा रु. ९८ मा उपलब्ध गराइएको थियो।

यसका साथै रु. २०० देखि रु. ४९९ सम्मको एमपोस रिचार्ज गर्दा दुई दिनसम्म प्रयोग गर्न सकिने १ जीबीको डाटा प्याक र रु. ५०० तथा सोभन्दा बढीको एमपोस रिचार्ज गर्दा ४ दिनसम्म प्रयोग गर्न सकिने २ जीबी डाटा प्याक पनि उपलब्ध गराइएको थियो।

# निरन्तर गुणस्तरीय सेवाका लागि मोबाइल अप्टिमाइजेसन

नेपाल टेलिकमले ग्राहकलाई उपलब्ध गराएका दूरसञ्चार सेवाहरुको निरन्तरता र गुणस्तरीयताका लागि विभिन्न कार्ययोजना बनाई कार्य गरिरहेको छ। यस अनुसार मुलुकभर गुणस्तरीय मोबाइल सेवा निरन्तर उपलब्ध गराउन कम्पनीले मोबाइल Network RF अप्टिमाइजेसनका लागि कार्यदल नै बनाएर कार्य गरिरहेको छ। यसका लागि नियमित रुपमा ५ वटा कार्यदलले ड्राइभ टेस्ट (Drive test) र अप्टिमाइजेसन कार्यहरु विभिन्न स्थानहरुमा गरिरहेका छन्।

सेवा प्रवाहका लागि तयार गरिएका कम्पनीका संरचनाहरुको ३ वा ६ महिनामा ड्राइभ टेस्ट र अप्टिमाइजेसनका कार्यहरु नियमित भइरहन्छन्। यसबाट सेवाको उपलब्धता (Coverage), गुणस्तर, Data throughput तथा RF Signal/interference level आदिको अवस्थाका बारेमा जानकारीहरु प्राप्त भइरहेका हुन्छन्। परीक्षणहरुबाट प्राप्त विवरणहरुको विश्लेषण गरी सेवाको अप्टिमाइजेसन गर्नुपर्ने निष्कर्ष आएका स्थानहरुमा सेवालाई थप गुणस्तरीय बनाउन तत्कालै योजना बनाएर काम गरिन्छ। यसका लागि RF optimization सेवा प्रदायकले गरेका कार्यका विवरण समेत नियमित रुपमा निरीक्षण र प्रमाणित गर्ने कार्यहरु भइरहेका हुन्छन्।

नियमित परीक्षण र जाँचबाहेक सामाजिक सञ्जालमा आएका गुनासाहरुको अध्ययन गरेर, प्रत्यक्ष सेवाग्राहीहरुको गुनासो सुनेर, कम्पनीका सेवाकेन्द्रहरुमा आउने गुनासाहरु तथा कम्पनीकै कर्मचारीहरुमार्फत आउने सुझाव र जानकारीहरुलाई आधार मानेर पनि अप्टिमाइजेसन कार्यहरु गर्ने गरिएको छ। सेवाका बारेमा आएका गुनासाका अध्ययन गरी कतै एण्टेनाको आवश्यक देखिए अनुसारको ट्युनिङ गरी, कतै उपकरणहरु थप गरी, कुनै भवन वा परिसरभित्र देखिएका समस्याहरुमा इनडोर उपकरण राखेर र ठूलो क्षेत्रमा समस्या रहेको पाइएमा नयाँ बिटिएस टावर नै थपेर पनि गुनासाहरुको सम्बोधन गर्ने गरिन्छ।

मोबाइल अप्टिमाइजेसन कार्य मुलतः शहरी र घना वस्ती भएका क्षेत्रहरुमा बारम्बार गरिरहनु पर्दछ। ती क्षेत्रमा निरन्तर संरचना निर्माणका कार्यहरु भइरहने भएकाले पनि मोबाइलका सिग्नल (signal) हरु छेकिने र संकुचित हुने सम्भावना बढी हुन्छ। त्यसैले साँघुरो सडक, विभिन्न कमर्सियल कम्प्लेक्स तथा भित्री भवनहरुमा मोबाइल नेटवर्कको उपलब्धतामा समस्या हुने सम्भावना बढी हुन्छ। साथै धेरै जनघनत्व हुने स्थानहरुमा नेटवर्कको क्षमताको पनि समस्या हुने सम्भावना रहन्छ। त्यसैले मर्मतसम्भार र अप्टिमाइजेसनका कार्य गरी समस्याका निरन्तर समाधान गरिरहनु पर्दछ। आगामी दिनमा नवीनतम प्रविधिमार्फत सम्पूर्ण नेटवर्कको अवस्था बारे एकैसाथ जानकारी लिई प्रभावकारी रुपमा अप्टिमाइजेसन कार्य गर्ने योजना पनि कम्पनीको रहेको छ।

# फागु पर्वका अवसरमा अनलिमिटेड डाटा अफर

मुलुकभरी मनाइने फागु पर्व (Holi Festival) को अवसरमा नेपाल टेलिकमले अनलिमिटेड डाटासहितको फागु अफर (Holi Offer) उपलब्ध गराएको छ। उक्त अफर गत चैत ३ गतेदेखि चैत १७ गतेसम्म उपलब्ध गराएको थियो।

सो अफर अन्तर्गत रु. ६९ मा एक एमबीपीएस अनलिमिटेड डाटा २४ घण्टा, रु. ९८ मा ६ जीबी डाटा ३ दिन र रु. २९४ मा २० जीबी डाटा १० दिनका लागि उपलब्ध गराइएको थियो। *1415*11# डायल गरी वा 'नेपाल टेलिकम एप' प्रयोग गरी सो सुविधा खरिद गर्न सकिन्थ्यो।

नेपालीहरुको महत्वपूर्ण पर्वहरु फागु पूर्णिमा र चैते दशैंलाई समेत दृष्टिगत गरी ल्याइएको उक्त अफर खरिद गर्न सकिने अवधि १५ दिनको रहेको थियो। यस अफरबाट प्रशस्त ग्राहक महानुभावहरु लाभान्वित हुनुभएको थियो।

# निर्देशक खान सेवानिवृत्त



नेपाल टेलिकमको निर्देशक पदबाट सनाउल्लाह खान सेवानिवृत्त हुनुभएको छ। ५८ वर्ष उमेर हदका कारण गत २०७८ चैत २२ गते उहाँ सेवानिवृत्त हुनुभएको हो। सेवा निवृत्त उहाँलाई एक कार्यक्रमका बीच गत चैत २३ गते तत्कालीन निमित्त प्रबन्ध निर्देशक प्रतिभा वैद्यले बिदाई गर्नुभयो।

सो अवसरमा तत्कालीन निमित्त प्रबन्ध निर्देशक वैद्यले निर्देशक खानको सुखमय निवृत्त जीवनको कामना गर्नुभयो। यसका साथै कम्पनीप्रति उहाँले पुऱ्याउनु भएको योगदानप्रति आभार व्यक्त गर्दै आगामी दिनमा समेत उहाँबाट कम्पनीलाई सल्लाह र सुझाव प्राप्त भइरहने अपेक्षा गर्नुभयो।

सेवा निवृत्त निर्देशक खानले नेपाल टेलिकममा सेवा प्रवेश गरे पश्चातका विभिन्न गतिविधिहरुको स्मरण गर्दै आफूले कम्पनीका लागि गरेको योगदानप्रति सन्तुष्ट भएको र कम्पनीले पनि आफूलाई सन्तुष्ट हुने गरी सुविधा उपलब्ध गराएको उल्लेख गर्नुभयो। उहाँले कम्पनीको भविष्य उज्वल रहेको बताउनु भयो।

सो अवसरमा कम्पनीका नायब प्रबन्ध निर्देशक, निर्देशकलगायत अन्य उच्चपदस्थ अधिकारीहरुले सेवानिवृत्त निर्देशक खानसँग गरेको सहकार्यको स्मरण गर्दै उहाँको सुखमय जीवनको कामना गर्नुभएको थियो। २०५१ फागुन १० मा इन्जिनियर पदमा स्थायी नियुक्ति लिनुभएका खान प्रादेशिक निर्देशनालय, वीरगन्जको निर्देशक पदमा रहँदा सेवानिवृत्त हुनुभएको हो।

# सबै नेटवर्कमा कुरा गर्न सकिने अल नेट भ्वाइस प्याक

नेपाल टेलिकमले जुनसुकै सेवा प्रदायकको नेटवर्कमा कुराकानी गर्न सकिने किफायती मूल्यका अल नेट भ्वाइस प्याक (All Net Voice Pack) उपलब्ध गराएको छ। साविकमा उपलब्ध भइरहेका विभिन्न प्रकारका अननेट भ्वाइस प्याक कायम राख्दै तिनमा थप सुविधासहित किफायती मूल्यमा विभिन्न प्रकारमा अल नेट भ्वाइस प्याक (All Net Voice Pack) उपलब्ध गराएको हो। यसका साथै सेवाग्राहीहरुको चाहनालाई ध्यानमा राखी कम्पनीले उपलब्ध गराइरहेका विभिन्न प्रकारका सजिलो अनलिमिटेड पोस्टपेड प्याक, सजिलो अनलिमिटेड प्रिपेड प्याक र सीयूजी प्याकहरुलाई अझै ग्राहकमैत्री र आकर्षक बनाइएका छन्।

नयाँ व्यवस्था अनुसार जुनसुकै नेटवर्कमा ५०० मिनेटसम्म कुराकानी गर्न सकिने २८ दिनको प्याक रु. २६५ मा र १२०० मिनेटसम्म कुराकानी गर्न सकिने ३५ दिनको प्याक रु. ५५० मा उपलब्ध गराइएको थियो। यसैगरी बिहान ५ बजेदेखि साँझ ५ बजेसम्म कुराकानी गर्न सकिने अनलिमिटेड अल नेट डे भ्वाइस प्याक र राती १० बजेदेखि बिहान ७ बजेसम्म जुनसुकै सेवा प्रदायकको नेटवर्कमा असीमित कुराकानी गर्न सकिने अनलिमिटेड अल नेट नाइट प्याक जम्मा रु. २५ मा खरिद गर्न सकिने सुविधा उपलब्ध गराइएको थियो। साथै, ग्राहकको आवश्यकता अनुसार बिहान ५ बजेदेखि साँझ ५ बजेसम्म रु. १२ मा ३० मिनेट र रु. १५ मा १२० मिनेट जुनसुकै नेटवर्कमा कुराकानी गर्न सकिने अल नेट डे भ्वाइस प्याक पनि निरन्तर उपलब्ध रहेको छ।

कम्पनीले उपलब्ध गराइरहेको सजिलो अनलिमिटेड पोस्टपेड र प्रिपेड प्याक थप आकर्षक बनाइएका छन्। रु. ५९९ मा कम्पनीभित्रकै नेटवर्कमा असीमित कुराकानी गर्न सकिने प्याकमा अन्य सेवा प्रदायकको नेटवर्कमा २५० मिनेट कुराकानी गर्न सकिने सुविधा थप गरिएको छ। अब रु. ५९९ मा कम्पनीको नेटवर्कमा असीमित कल गर्न र अन्य नेटवर्कमा २५० मिनेट कल गर्न वा प्रतिदिन १ जीबी डाटा चलाउन सकिने छ। साथै, रु. ७९९ मा कम्पनीभित्रकै नेटवर्कमा असीमित कुराकानी गर्न सकिने प्याकमा अन्य सेवा प्रदायकको नेटवर्कमा ५०० मिनेट कुराकानी गर्न सकिने र २०० वटा सन्देश पठाउन सकिने व्यवस्था छ। यो प्याकमा प्रतिदिन १ जीबी डाटा समेत चलाउन सकिन्छ। रु. ९९९ र रु. १४९९ का प्याकमार्फत कम्पनीभित्रको नेटवर्कमा असीमित कुराकानी गर्न सकिनुका साथै अबदेखि अन्य सेवा प्रदायकको नेटवर्कमा पनि असीमित कुराकानी गर्न सकिने (अल नेट अनलिमिटेड) सुविधा उपलब्ध हुनेछ। त्यसैगरी यी प्याकमा क्रमशः प्रतिदिन २ जीबी र ४ जीबी डाटा तथा ४०० वटा र १००० वटा अल नेट एसएमएस (SMS) पठाउन सकिने सुविधा उपलब्ध छ।

यी प्याकहरु पोस्टपेड मोबाइलमा ३० दिन र प्रिपेड मोबाइलमा २८ दिनका लागि उपलब्ध छन्।

उल्लेखित प्याकहरु २०७८ चैत १७ गतेदेखि २०७९ वैशाख ४ गतेसम्म खरिद गर्न सकिन्थ्यो। कम्पनीले पहिलेदेखि नै उपलब्ध गराइरहेका अन्य विभिन्न प्याकहरु यथावत् रहेका छन्।

सुझाव तथा प्रतिक्रिया पठाउने ठेगानाः नेपाल टेलिकम, प्र.व्या.अ.का., सूचना तथा प्रकाशन शाखा, दूरसञ्चार भवन, भद्रकाली प्लाजा
e-mail: ntc.news@ntc.net.np फोनः ४२१०३७८, फ्याक्स : ४२१०३७९, मासिक रूपमा प्रकाशित हुने यो Newsletter कम्पनीको website : www.ntc.net.np मा पनि उपलब्ध छ।

**Published by: Nepal Telecom, Office of CCO, Information & Publication Section**
Co-ordinator : Shobhan Adhikari Joint Co-ordinator : Ranjeet Lohia

Editor : Umesh Dahal
Editorial Team : Eka Raj Subedi, Meghanath Dhakal